# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाडौं

मिति: २०७६।०२।३१ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

जिल्ला झापा, दमक न.पा.-१६ हाल का.म.न.पा. १० बस्ने ब्यापार ब्यवसायी अभिसेक कार्कीले लागू औषध मुद्दा दर्ता भै अनुसन्धान प्रकृयामा रहेका प्रतिवादीहरू मध्ये धर्मेन्द्र लिम्बुलाई तारेखमा राखी थप अनुसन्धान नगर्न भनी कर्मचारीलाई प्रलोभन देखाई घुस रिसवत दिन खोजेको भनी महानगरीय प्रहरी वृत्त थानकोटको पत्र मार्फत आयोगमा प्राप्त सूचनाको अधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालबाट खटिइ गएको टोलीले निज अभिसेक कार्कीले उक्त मुद्दाका अनुसन्धान अधिकृतलाई रू.१०,०००/-(दस हजार) घुस रकम दिन खोजेको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निज अभिषेक कार्कीले लागु औषध मुद्दामा अनुसन्धान भईरहेको अवस्थामा सो मुद्दामा प्रहरी हिरासतमा रहेको पुजन बम ठकुरी र अनुसन्धानमा रहेको धर्मेन्द्र लिम्बुसमेतको मुद्दा मिलाई दिनु भनी नगद रू.१०,०००/- (दश हजार) घुस/रिसवत दिन खोजेको तथ्य पुष्टि हुन आएकोले निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुर भएको सप्रमाण पुष्टि हुन आएकोले निज अभिषेक कार्कीलाई विगो रू.१०,०००/-(दश हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम सजाय हुनसमेत मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)

प्रवक्ता